भीमेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल ।

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

## सामुदायिक विद्यालयहरूको अन्तिम लेखापरीक्षणका लागि दरखास्त आह्वान गरिएको सूचना

सूचना प्रकाशन मिति : २०७९/०७/२८

भीमेश्वर नगरपालिकाको सामुदायिक विद्यालयको आर्थिक कार्यविधि सम्बन्धी नियमावली २०७५ (पहिलो संशोधनसमेत) अनुसार यस नगरपालिका अन्तर्गतका ४२ ओटा सामुदायिक विद्यालयहरूको अन्तिम लेखारीक्षण गराउनुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन तथा नियमावलीबमोजिम लेखापरीक्षण गर्न योग्यता पुगेका लेखापरीक्षकहरूमध्ये विद्यालयको आर्थिक वर्ष २०७८/७९ को आर्थिक कारोबारहरूको लेखापरीक्षण गर्न ईच्छुक लेखापरीक्षकले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र विद्यालयको लेखापरीक्षणको विषय उल्लेख गरी भीमेश्वर नगर कार्यपालिकाको कार्यालयमा दरखास्त दिनुपर्ने छ । विद्यालयको लेखापरीक्षणका लागि भीमेश्वर नगरपालिकाको e-mail: ict.bhimeshwor@gmail.com बाट समेत दरखास्त पठाउन सकिने छ ।

**दरखास्तसाथ संलग्न गर्नुपर्ने विवरण र कागजातहरू:**

१. लेखापरीक्षकको नाम, ठेगाना, सम्पर्क नम्बर,

२. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्रमाण-पत्र तथा पेशागत प्रमाण-पत्र (हालसम्मको नवीकरण) को छायाँ प्रति,

३. फर्म दर्ताको प्रमाण-पत्र (हालसम्मको नवीकरण) को छायाँ प्रति,

४. आ.व. २०७७/७८ को कर चुक्ता प्रमाण-पत्रको छायाँ प्रति ।

विद्यालयको लेखापरीक्षण गरेबापत वार्षिक दस लाख रुपैयाँसम्मको आर्थिक कारोबारमा पाँच हजार रुपैयाँसम्म, त्यसपछि पच्चिस लाख रुपैयाँसम्मको आर्थिक कारोबारमा प्रतिहजार थप तीन रुपैयाँ र त्यसपछि प्रतिहजार थप एक रुपैयाँ पचास पैसाको दरले पारिश्रमिक सम्बन्धित विद्यालयबाट भुक्तानी हुने छ । यस विषयमा विस्तृत जानकारीका लागि भीमेश्वर नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत